"व्यवसायिक, औद्योगिक तथा बहुसांस्कृतिक समुन्नत शहर धनगढी"

# धनगढी उप-महानगरपालिका

## त्रैमासीक नगर बुलेटिन

पेज १ वर्ष १ अंक २ माघ-चैत्र २०७७

## प्रभावकारी सेवाप्रवाहकालागी धनगढी नगरका वडा कार्यालयहरुको निर्माण कार्य तिव्र

धनगढी उप–महानगरपालिकाले विकास निर्माणदेखि भौतिक संरचना निर्माणका कार्यलाइ तिव्रता दिएको छ । नगर प्रमुख प्रत्यक्ष आफै फिल्डमा खटिएका कारण विकास




निर्माण र भौतिक संरचना निर्माण कार्यले तिव्रता पाएको हो ।

भौतिक संरचना अन्तर्गत नगरका केही वडा कार्यालयहरु सुविधायुक्त निर्माण भएका छन् भने केही वडा कार्यालयहरुको निर्माण कार्य भईरहेका छन्। धनगढी उपमहानगरपालिकामा १९ वडा रहेका छन्। जसमध्ये वडा नम्बर ३,५,७,८,९,११,४ र १७ का वडा कार्यालयहरुको निर्माण कार्य भईरहेको छ। वडा नम्बर १२,१३ र १६ का वडा कार्यालयको निर्माण कार्य सम्पन्न भईसकेको छ।

नगरमा रहेका १९ वडा मध्ये साविकको फुलवारी गाविसको भवनबाट वडा नम्बर १९ को काम भईरहेको छ। भवनलाई नगरले आफ्नो मातहतमा लिईसकेको छ। साविकको उर्मा गाविसको भवनबाट नगरको वडा नम्बर १५ ले सेवाग्राहीलाई सेवा प्रदान गर्दै आईरहेको छ।वडा नम्बर २ र ४ मा जग्गा प्राप्तिका लागि प्रक्रियामै रहेको छ।

निर्माण कार्य सम्पन्न भएका र निर्माणाधिनमा रहेका वडा कार्यालयहरुमा ६ देखि ८ वटासम्म कोठा, महिला तथा बालवालिका मैत्री,भुकम्पहरित, महिला÷पुरुष शौचालय,रिसेप्सन, किचन र अपाङ्गमैत्री रहेका छन्।

निर्माण भएका भवनहरुले ५ तलासम्म धान्न सक्ने क्षमता सहितको नक्सा निर्माण गरेको छ। वडा नम्बर ३ को वडा कार्यालयका लागि ८६ लाख ४३ हजार ४ सय २८, वडा नम्वर ७ को ८३ लाख ८५ हजार ५ सय १९, वडा नम्बर ६ को ९० लाख २९ हजार १ सय, ८ को ९१ लख १३ हजार २ सय ८४ रुपैयाँको लगानीमा निर्माण भईरहेका छन्।यस्तै वडा नम्बर ११ को ९२ लाख ८२ हजार २ सय ८, वडा नम्बर १७ मा ९२ लाख २९ हजार १ सय ८४ र १४ को ९१ लख ३४ हजार ५ सय ८७ रुपैयाँको लगानीमा वडा कार्यालयहरु निर्माण भईरहेका छन्।

वडा कार्यालयहरुको भवन निर्माण कार्य अघिल्लो आर्थिक वर्ष २०७६/७७ बाटसुरु भएको थियो। वडा नम्बर १२ को कार्यालय ८४ लाख २५ हजार ५ सय ८ र वडा नम्बर १६ को ८१ लाख भन्दा माथिको लगानीमा वडा कार्यालय निर्माण भईसकेका छन्।

वडा कार्यालयहरुको भवन निर्माण कार्य अघिल्लो आर्थिक वर्ष २०७६/७७ बाटसुरु भएको थियो। वडा नम्बर १२ को कार्यालय ८४ लाख २५ हजार ५ सय ८ र वडा नम्बर १६ को

धनगढी उप–महानगरपालिकाका प्रमुख नृप बहादुर वडले विकास निर्माणका कार्य तिव्र रुपमा अगाडी बढेको बताउनु भएको छ । उहाँले आफु निर्वाचित भईसकेपछि वडा कार्यालय सम्झौता भएर निर्माण कार्य भईरहेको बताउनु भयो । कर्मचारी र सेवाग्राहीकालागि केही कार्यालय निर्माण भईसकेका छन्, केही निर्माणाधिन अवस्थामा छन्, बाँकी वडाको वडा कार्यालय भवन पनि निर्माण कार्य आफ्नो कार्यकाल भित्रै सम्पन्न हुन्छ।' वडा कार्यालय ब्यबस्थीत नभए सम्म वडा तहको कार्य सम्पादन ब्यबस्थीत हुन सक्दैन त्यसैले पूर्वाधार निर्माण प्राथमिकतामा पारेका हौं।' वडा कार्यालय निर्माणलाई उप–महानगरपालिकाले प्राथमिकतामा राखेको नगरप्रमुख वडले बताउनु भयो ।

## गाउँमा निःशुल्क अल्ट्रा साउन्ड सेवा सुरु , महिलामा खुसी

धनगढी उप-महानगरपालिका वडा नं १८ कि फुलमती चौधरी शुक्रवार गर्भजाँच गर्नका फुलवारी स्वास्थ्य चौकीमा पुगिन् । गर्भजाँचका लागि यस अघि दुईपटक धनगढी पुगेकी चौधरी तेश्रो पटकको गर्भजाँचका लागि गाउँमै निअल्ट्रासाउन्ड सेवा पाएपछि खुसी थिईन ।

गर्भजाँचकालागि धनगढी पुगेर निजी स्वास्थ्य संस्थामा चेकजाँच गर्दा खर्चिलो थियो, फुलमतीले भनिन्, ‘अब यो सेवा गाउँकै स्वास्थ्य संस्था त्यो पनि निःशुल्क पाएपछि खुसी नहुने कुरै भएन ।’ सुरुमा गर्भ जाँच गर्दा डाक्टरले बच्चा उल्टो छ भनेपछि पटकपटक गर्भजाँच गराउनु परेको चौधरीले बताईन् ।

कैलाली जिल्लाको कैलारी गाउँपालिका खरेट्टीकी बिर्मा कामीले फुलवारी स्वास्थ्य चौकीमा अल्ट्रासाउन्ड सेवा सुरु हुने जानकारी पाएपछि गर्भजाँच गर्न त्यहाँ पुगेको बताईन । बच्चा कम चल्न थालेपछि चेकजाँच गर्न फुलवारी पुगेको बताउने बिक छिमेकी गाउँमै सेवा पाउनु खुसीको कुरो भएको बताउँछन् । अल्ट्रा साउन्ड गर्दा बच्चाको अवस्था ठिकै पाएको बिकले बताईन ।

चौधरी र बिक मात्रै हाईन शुक्रवार उद्घाटन भएको दिनमै एक दर्जन भन्दा बढी गर्भवतीहरुले धनगढी उप -महानगरपालिकाले संचालनमा ल्याएको निःशुल्क अल्ट्रासाउन्ड सेवाबाट गर्भचेकजाँच गराएकी छन् । शुक्रवार धनगढी उप-महानगरपालिकाका प्रमुख नृपबहादुर वडले फुलवारी स्वास्थ्य चौकीमा अल्ट्रासाउन्ड मेसिन उद्घाटन गर्नु भएको थियो ।

गर्भवती महिलाले बढीभन्दा बढी सेवा लिन सकुन भनेर गाउँमा रहेको स्वास्थ्य चौकीमा निशुल्क अल्ट्रासाउन्ड सेवा संचालनमा ल्याएका हौं, धनगढी उप -महानगरपालिकाका प्रमुख नृपबहादुर वडले भन्नुभयो, ‘ यसले गर्भवतीलाई राहत मात्रै नपुगेर शिशु तथा मातृ मृत्यूदरमा कमी ल्याउने छ । धनगढी उप-महानगरपालिका नगरका ३ वटा स्वास्थ्य संस्थालाई अस्पतालको रुपमा स्तरोउन्नती गर्न लागेको पनि नगरप्रमुख वडले बताउनु भयो ।

धनगढी उप-महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत जगन्नाथ पन्तले गाउँमा त्यो पनि निःशुल्क रुपमा अल्ट्रासाउन्ड सेवा पाउनु गर्भवती महिलाहरुका लागि बरदान सरह भएको बताउनु भयो । उहाले भन्नु भयो, ‘ अव यहाँबाट दिईने सेवाहरुलाई गुणस्तरीय र बिश्वसनिय बनाउन सक्नुपर्छ ।


## धनगढी उप-महानगरपालिकाले लगायो ५५ बर्ष माथिका ११००५ जनालाई कोभिड(१९ रोग विरुद्धको खोप

कोभिड-१९ रोग विरुद्धको खोप अभियान अन्तरगत मिति २०७७ साल फाल्गुण २३ गते देखी २८ गते सम्म धनगढी उप-महानगरपालिका अन्तरगत संचालित ११ वटा खोप केन्द्रबाट कुल ११००५ जना ले कोरोना बिरुद्धको खोप लिएका छन ।

कोरोना विरुद्धको दोश्रो चरणको खोप अभियान अन्तर्गत धनगढी उप-महानगरपालिकाले ५५ बर्ष उमेर समुह भन्दा माथिका ब्यक्तिलाई खोप लगाएको थियो ।
सुरु देखि नै संघीय सरकारले ५५ बर्ष माथी उमेर समुहका ब्यक्तिलाई कोरोना बिरुद्धको खोप लगाउन प्रचारप्रशार गरेर अन्तीम अवस्थामा ६५ बर्ष भन्दा माथीको उमेर समुहका ब्यक्तिलाई मात्र खोप लगाउन भन्यो नगरप्रमुख नृप बादुर वडले भन्नु भयो ‘ नागरिकहरुलाई सजिलो होस भनेर हामीले पूर्व प्रचारप्रशार अनुसार नै ५५ बर्ष उमेर समुहका ब्यक्तिलाई खोप लगाई रहेका छौं ।’

उप-महानगरपालिकाका ११ वटा केन्द्रवाट खोप लगाएको थियो । उप-महानगरपालीकाले वेली शहरी स्वास्थ्य प्रवद्रधन केन्द्रमा ५३६, फुलवारी स्वास्थ्य चौकीवाट १३४०, उर्मा स्वास्थ्य चौकी ६८४, मटियारी शहरी स्वास्थय केन्द्र ७०७, घुईयाघाट शहरी स्वास्थय केन्द्र १००४, जुगेडा शहरी स्वास्थय केन्द्र ८१५, कैलाली शहरी स्वास्थ्य केन्द्र ७५०, घोडसुवा शहरी स्वास्थ्य केन्द ५१४, उर्मा शहरी स्वास्थ्य केन्द ३५०, धर्जुन्ना शहरी स्वास्थ्य केन्द ३७० र धनगढी उप महानगरपालिका ३९३५ जनालाई खोप लगाएको थियो ।

कोभिड(१९ रोग विरुद्धको खोप अभियानमा नगर प्रमुख नृपबहादुर वड लगायत जनप्रतिनीधि खोप केन्द्रमा आफै खटिएर सबै खोप केन्द्रको अवस्था बुझ्ने र सहजरुपमा खोप अभियान सम्पन्न भएको छ । नगरप्रमुख नृप बहादुर वडले भन्नु भयो हामीले



# धनगढी उप-महानगरपालिकाको छैठौं नगरसभा सम्पन्न

धनगढी उप-महानगरपालिकाको छैठौं नगरसभा फाल्गुन २१ गते शुक्रवार धनगढीमा सम्पन्न भएको छ । नगरसभाले तीनवटा महत्वपूर्ण विधेयक माथीको छलफल र पारित गरेको छ । सभाले (न्यायीक समिति कार्यविधी) ऐन २०७४ को पहिलो संशोधन २०७७, धनगढी उप-महानगरपालिका स्वास्थ्य सम्वन्धी ऐन २०७७, धनगढी उप-महानगरपालिकाको वातावरण तथा प्राकृतीक श्रोतको संरक्षण सम्वन्धी ऐन २०६६ को विधेयक माथी नगरसभा सदस्यहरुले छलफल तथा पारित गरिएको थियो । यसका साथै बिभिन्न ऐजेन्डाहरुमा पनि छलफल भएको थियो।




नगरसभा बोल्दै नगरप्रमुख तथा नगरसभा अध्यक्ष नृप बहादुर वडले नगरसभाका सबै सदस्यहरु दिनरात जनताको सेवामा खटिएका कारण धनगढी उप-महानगरपालिकालाई देशकै उत्कृष्ठ नगरको रुपमा सम्मानीत भएको बताउनु भयो । आफुहरु निर्वाचित भएर आएपछि अहिले सम्म गरेका कामहरुको समिक्षा गर्दै जनता संग गरेका प्रतिवद्धताहरु बाँकी रहेको समयमा पुरा गर्नुपर्ने छ नगरप्रमुख वडले भन्नु भयो, त्यसैले बाँकी समय हाम्रो लागि महत्वपूर्ण छ।

आफुहरु निर्वाचित भएर आएपछि १९ वटा वडा कार्यालयहरु मध्य १६ वटा वडाको आफ्नै कार्यालय भवन निर्माण गरेको, ३ वटा स्वास्थ्य संस्थाबाट १० वटा वडामा नगर स्वास्थ्य केन्द्रहरु स्थापना गरेको, पूर्वाधार विकासले गति लिएको, धनगढी उप-महानगरपालिका संग जोडिएका नयाँ वडाहरुमा नमुनाको रुपमा विकास गरिएको छ, यस अवधीमा मात्रै २७ वटा विद्यालय भवनहरु, शौचालयहरु निर्माण गरिएको छ, खानेपानी योजनाहरुको विकासको तथ्याङ्कलाई हेर्नेहो भने धनगढी देशमै दोश्रो स्थानमा पर्दछ, बेहडाबाबा, जाखोरताल, शिवपुरीधाम लगायतका धार्मिक पर्यटकिय ठाउँको गुरु योजना अनुसार काम भैरहेको नगरप्रमुख वडले बताउनु भयो ।

नगरप्रमुख वडले बताउनु भयो आफुहरु निर्वाचित भएर आएपछि १४ वटा ऐन, ४ वटा नियमावली, ३२ वटा कार्यविधीहरु, ३ वटा निर्देशिका र २ वटा आचारसंहित गरेर ५५ वटा कानुन निर्माण साथै कोरोनाको समयमा जनप्रतिनिधीहरुले खेलेको भूमिकाको प्रशंसा गर्नु भयो।

धनगढी उप-महानगरपालिकाका उप-प्रमुख सुशीला मिश्र भट्टले नगरसभामा टेबुल भएका विधेयक माथी विधायन समिति र सरोकारवालाहरु संग छलफल भएको बताउनु भयो । स्पष्ट हुन नसकेका बिषयमा नगरसभा सदस्यहरुले दिएका महत्वपुर्ण सुझावहरुलाई समावेश गरेपछि कानुनहरु राजपत्रमा प्रकाशित हुने बताउनु भयो ।

## नगरका महत्वपुर्ण उपलब्धी

- ***१९ वटा वडा मध्ये १६ वटा वडा कार्यालय भवन निर्माण***
- ***३ वटा स्वास्थ्य संस्था १० वटा वडामा नगर स्वास्थ्य केन्द्रहरु स्थापना***
- ***पूर्वाधार विकासले गति लिएको***
- ***२७ वटा विद्यालय भवनहरुको निर्माण***
- ***खानेपानी योजनाहरुको विकास धनगढी देशमै दोश्रो स्थानमा***
- ***बेहडाबाबा, जाखोरताल, शिवपुरीधाम लगायतका धार्मिक पर्यटकिय क्षेत्र***

धनगढी उप-महानगरपालिका वडा नं १८ का अध्यक्ष मुरारी अधिकारीले लामो रिक्तता पछि आफुहरु स्थानीयतहमा निर्वाचित भएर आएको बताउनु भयो । जनतासंग अपेक्षा धेरै छन् सबै अपेक्षा यसै कार्यकालमा पुरा हुन नसके पनि प्रयास जारी रहने बताउनु भयो ।' धनगढी उप-महानगरपालिका वडा नं ७ का अध्यक्ष सिताराम रानाले हावाहुरी र कोरोनाका बिचमा पनि धनगढी उप-महानगरपालिकामा उल्लेख्य काम भएको बताउनु भयो ।

धनगढी उप-महानगरपालिका वडा नं ३ का अध्यक्ष बलबहादुर ऐरले चुनावको समयमा जनता संग गरेका प्रतिवद्धता कति पुरा गर्न सक्यौ भनेर समिक्षा गर्दै अगाढी बढ्नुपर्ने बताउनु भयो ।

## लकडाउनकै बिच ब्यावसाय गर्न सिकायौं : कोरोना कहरले बनायो १ सय ५० ब्यावसायी

धनगढी उप-महानगरपालिका वडा नं १४ का तेज प्रकाश तिवारी कोरोनाको संक्रमण फैलिएपछि मलेसियाको मजदुरी छोडेर घर फर्किए । महामारीको बेला पाएको दुःखले उनले कहिल्यै बिदेश नजाने बनायो । तिवारीले अहिले ब्यावायीक रुपमा बाख्रा पालन गरेका छन् ।

धनगढी उप-महानगरपालिका वडा नं १ शान्तिकटानका पदमबहादुर सिंहको कोरोनाका कारण भारतको चौकिदारी छुट्यो । बाटो खर्चको जोहो गरेर नेपाल फर्किएका सिंहले अहिले कुखुरा पालन गरेका छन् । ४० दिनमै ४५ हजार कमाएको बताउने सिंह अव कहिल्यै परदेश नजाने बताउँछन् ।

तिवारी र सिंह मात्रै होईनन् कोरोनाको कहरका बिच धनगढी उप-महानगरपालिका वडा नं १, १४ र १५ मा १ सय ५० जनाले नयाँ ब्यावसाय सुरु गरेका छन् । कोभिड १९ प्रभावितका लागि सामाजिक आर्थिक रिकभरी परियोजना सुरु गरेर बिदेशबाट फर्किएरलाई स्वरोजगार बनाउन सुरु गरेको छ ।

बिदेशबाट फर्किकाहरुलाई ब्यावसायीक रुपमा बाख्रापालन, कुखुरापालन , तरकारी खेती, च्याउँ खेती, बंगुरपालन र होटल ब्यावसाय गर्न तर्फ उत्प्रेरीत गरिरहेको छ । ब्यावसाय गर्नका लागि सबैभन्दा पहिले ब्यक्तिलाई मानसिक रुपमा तयार गर्न निकै समस्या रहेछ धनगढी उप-महानगरपालिकाका प्रमुख नृपबहादुर वडले भन्नु भयो,'लकडाउनकै समयमा बिदेशबाट फर्किएकाहरुको विवरण संकलन गरेर उनिहरुमा ईच्छाशक्ति जगाउनका लागि उद्यमशिलता विकास तालिम दिएर केहि अनुदान र केही स्वयंको लगानीमा ब्यावसाय सुरु गर्न लगाईयो ।'

धनगढी उप-महानगरपालिका र यूएनडिपीलेको सहयोगमा कोभिड १९ प्रभावितका लागि सामाजिक आर्थिक रिकभरी परियोजना सुरु गरेको छ । यसको स्थानीय साझेदारी लघु उद्यमी समुहले गरेको नगरप्रमुख वडले बताउनु भयो ।

## वडाको गतिविधी नगरप्रमुखको कार्यकक्षबाट अवलोकन

धनगढी उप-महानगरपालिका वडा कार्यालयहरुको गतिविधीहरु नगरप्रमुखको कार्यकक्षबाट अवलोकन गर्न सकिने ब्यबस्था गरिएको छ ।

उप-महानगरपालिकाका १९ वटै वडा कार्यालयमा सम्पादन भैरहेका कामहरु, सेवाग्राहीले सेवा लिईरहेको अवस्था नगरप्रमुखको कार्यकक्षमा जडान गरिएको कम्यूटर स्क्रीनमा देख्रि सकिने ब्यबस्था मिलाईएको छ । धनगढी उप-महानगरपालिकाका नगरप्रमुख नृपबहादुर वडले सूचना प्रविधीका क्षेत्रमा उल्लेख्य प्रगती भएको बताउनु भयो । वडाबाट सम्पादन गरिने कामको उप-महानगरपालिकाबाट नै अनुगमन गर्न सकिने भएको छ नगरप्रमुख वडले भन्नुभयो, 'योजनाहरुको नागरिक तहबाट अवलोकन गर्न सुझाव दिनका लागि आईएमएस धनगढी एप संचालनमा ल्याएका छौं ।'

धनगढी उप-महानगरपालिकाले खुला सरकारको अवधारणालाई पूर्ण रुपमा आत्मसाथ गरेर अगाडी बढेको



### सुचना । सुचना ।। सुचना ।।।

धनगढी उप-महानगरपालिकाको डिजीटल प्रोफाईल निर्माणका लागी नगरमा घरधुरी तथा सस्थागत तथ्यांक संकलनका लागी गणकहरु खटाईएको छ । तसर्थ तथ्यांक संकलनको क्रममा गणकहरुको अनुरोधमा आवश्यक सुचना तथा जानकारी उपलब्ध गरी सहयोग गरिदिन अनुरोध गरिन्छ ।

धनगढी उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# धनगढीमा मेयर/उपमेयर कप फुटवल प्रतियोगिता

धनगढी उप–महानगरपालिका नगर खेलकुद समितिको आयोजनामा मनकामना यूवा क्लवको खेलमैदान जुगेडामा मेयर, उपमेयर कप पुरुष तथा महिला वडा स्तरीय फुटवल प्रतियोगिता सुरु भएको हो । यो संगै नगरमा प्याब्सन कप क्रिकेट प्रतियोगिता समेत शुरु भएको हो ।

धनगढी उप–महानगरपालिकाका नगर उप–प्रमुख सुशीला मिश्र भट्टले उद्घाटन गर्नु भएको थियो । उद्घाटन कार्यक्रममा बोल्दै उप–प्रमुख भट्टले खेलकुलको प्रवद्र्धनका लागि मेयर, उपमेयर कप पुरुष तथा महिला वडा स्तरीय फुटवल प्रतियोगिता राखिएको बताउनु भयो ।

नगर खेलकुद समितिका संयोजक दिपक कुमार थापा क्षेत्रीले भन्नुभयो आउदो बर्षहरुमा पनि प्रतियोगितालाई निरन्तरता दिईने छ, यस्ता प्रतियोगिताले नै खेलाडीहरु जन्माउने गर्छ र धनगढी खेलकुलको हवको रुपमा विकास भैरहेको बताउनु भयो ।

धनगढी उप–महानगरपालिकाकाले एक वडा एक खेल मैदानको नीति अवलम्वन गरेको छ । खेलकुदको विकास र प्रवद्र्धनका लागि नगर र वडास्तरमा खेलकुद प्रतियोगीता आयोजना गरिएको हो । धनगढी उप–महानगरपालिकाले मैदान प्राप्त भएका वडाहरुमा पूर्वाधार निर्माणको काम पनि गरिरहेको छ ।

अहिले मेयर,उपमेयर प्याब्सन कप क्रिकेट प्रतियोगिता चलेको छ भने आगामी दिनमा पनि यसको निरन्तरता संगै खेलकुद को विकास र प्रवद्र्धन संगै खेलाडीको वृदी विकासकालागी विभिन्न निकाय संग समन्वय, सहकार्य र साझेदारी गरि यस्ता आयोजनाको निरन्तरता दिईने जानकारी दिएको छ ।






**धनगढी उप-महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, धनगढी कैलाली**

फोनः +९७७ ०९१-५२१५२९ इमेलःdhangadhimun2013@gmail.com
वेवसाईटः www.dhangadhimun.gov.np